लोक सेवा आयोग

नेपाल राष्ट्र बैंक, प्रशासन, लेखा/लेखापरीक्षण, अधिकृत तृतीय, सहायक निर्देशक पदको

प्रतियोगितात्मक लिखित परीक्षा

२०७६।११।१२

पत्र : प्रथम

समय : ४ घण्टा

पूर्णाङ्क : १००

विषय : Accounting and Auditing

प्रत्येक **Section** को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

**Section 'A'** **60 Marks**

1. TRP Ltd. began construction of a new plant on 1st of Shrawan 2075 and obtained a specific loan of Rs. 400,000 to finance the construction of that plant. The rate of interest on loan was 10%. The expenditure made on the project are as follows:

   | | |
   |---|---|
   | 1st Shrawan 2075 | Rs. 500,000 |
   | 1st Magshir 2075 | Rs. 1,200,000 |
   | 1st Baisakh 2076 | Rs. 200,000 |

   The company's other outstanding nonspecific loan was Rs. 2,300,000 at the interest rate of 12%.

   Calculate the amount of interest to be capitalized as per NAS-23 Borrowing costs. 5

2. Explain with examples the two post-employment benefit schemes defined by NAS 19: 'Employee Benefits'. How should the following items on account of actual valuation of gratuity be treated in financial statements ? 5
   A) Current Service Cost
   B) Actuarial Gain/Loss
   C) Interest Cost

3. Distinguish the recognition of characteristics of Joint operations and Joint ventures under NFRS II Joint Arrangements. 5

4. Present a brief summary of IFRIC 22 Foreign Currency Transactions and Advance Consideration. 5

5. One of the issues covered by NFRS 9 Financial Instruments is the classification and measurement of financial assets. The three possible measurement bases identified by the standard are:
   > Amortised cost.
   > Fair value through other comprehensive income.
   > Fair value through profit or loss.

   Explain how NFRS 9 requires entities to select the appropriate measurement basis for a financial asset. You should include any options available to entities regarding classification in your explanation. 5

6. A company has invested in 5 year bond of another company with face value of Rs. 1,000,000 by paying Rs. 500,000. The effective interest rate is 15%. The firm recognizes proportionate interest income in its income statement throughout the period of bond. Based on this information, answer the following: 5
   i) How interest income will be treated in cash flows ?
   ii) On maturity, whether the receipt of Rs. 1,000,000 should be split between interest income & receipts from investment activity ?
7. Following are the summarized Balance Sheet of Company Alpha Ltd. and Beta Ltd., as at Ashad 31, 2076.

| Liabilities | Alpha Ltd. (Rs.) | Beta Ltd. (Rs.) | Assets | Alpha Ltd. (Rs.) | Beta Ltd. (Rs.) |
|---|---|---|---|---|---|
| **Share Capital** | - | - | Goodwill | 20,000 | - |
| Equity Shares of NRs. 100 Each | 2,000,000 | 1,500,000 | Other Fixed Assets | 2,400,000 | 1,150,000 |
| 10% Preference Shares of NRs. 100 Each | 700,000 | 400,000 | Trade Receivables | 625,000 | 615,000 |
| General Reserve | 240,000 | 170,000 | Inventory | 412,000 | 680,000 |
| Profit &Loss Account | - | 15,000 | Cash at Bank | 38,000 | 155,000 |
| 12% Debenture of NRs. 100 Each | 600,000 | 200,000 | Own Debenture (Nominal Values of NRs. 200,000) | 192,000 | - |
| Trade Payables | 560,000 | 315,000 | Discount on Issue of Debentures | 2,000 | - |
| - | - | - | Profit & Loss Account | 411,000 | - |
| **Total** | **4,100,000** | **2,600,000** | **Total** | **4,100,000** | **2,600,000** |

On Shrawan 01, 2076, Alpha Ltd. adopted the following scheme of reconstruction:

A) Each equity share shall be sub-divided into 10 equity share of Rs. 10 each fully paid up. 50% of the equity share capital would be surrendered to the company.

B) Preference dividend are in arrears for 3 years. Preference shareholders agreed to waive 80% of the dividend claim and accept payment for the balance.

C) Own debenture of Rs. 80,000/- (Nominal Value) were sold at NRs. 98 cum interest and remaining own debentures were cancelled.

D) Debentures holders of Rs. 300,000/- agreed to accept one machinery of book value of Rs. 320,000/- in full settlement.

E) Trade payables, Trade receivables and Inventory were valued at Rs. 500,000/-, Rs. 600,000/- and Rs. 400,000/- respectively.

F) The company paid Rs. 20,000/- as penalty to avoid capital commitment of Rs. 400,000/-

On Shrawan 02, 2076, a scheme of absorption was adopted. Alpha Ltd. would take over Beta Ltd. The purchase consideration was fixed as below:

A) Equity shareholders of Beta Ltd. will be given 50 equity shares of Rs. 10 each fully paid up, in exchange for every 5 shares held in Beta Ltd.

B) Issue of preference shares of NRs. 10 each in the ratio of 4 preference shares of Alpha Ltd. for every 5 preference shares held in Beta Ltd.

C) Issue of 12% debentures of Rs. 100 each of Alpha Ltd. for every 12% debentures in Beta Ltd.

Prepare statement of financial position as at Shrawan 02, 2076. 10

(Make suitable assumptions required, if any.)

8. Explain how the recognition & measurement of subsequent events is done as per NAS 10. As an auditor, how would you deal with material non adjusting event identified after Balance Sheet date that would affect going concern assumptions of the entity ? Explain with suitable example by referring provisions of NSA 570 "Going Concern" as well. 10+10=20

## Section 'B' 40 Marks

9. According to Guidance notes on Nepal Standards on Quality Control, what are the procedures to follow to evaluate managements integrity and the risk associated with providing professional services in particular circumstances while accepting and/or continuing the client relationship ? State. 5

10. Briefly explain the term 'Modified Opinion'. Provide a situation where auditor should issue disclaimer of audit opinion. 5

11. "There is a direct relationship between Audit risk and Detection Risk". Comment with reference to relevant standards on auditing. 5

12. What are the risks and issues in securities underwriting that have audit implications as per Nepal Auditing Practice Statements (NAPS 101) ? 5

13. What is the main requirements under ISA 701 communicating key audit matter in the independent auditor's report ? 5

14. State the reporting responsibility of an auditor in the context of non-compliance of Law and Regulation in an audit of Financial Statements stating the Nepal Standard on Auditing. 5

15. What steps should be taken by auditor if management refuses to provide representation considered necessary by him ? 5

16. What are the preconditions for an audit ? Explain in light of NSA 210. "Agreeing upon terms of Engagement." 5

लोक सेवा आयोग

**नेपाल राष्ट्र बैंक, प्रशासन, लेखा/लेखापरीक्षण, अधिकृत तृतीय, सहायक निर्देशक पदको**

**प्रतियोगितात्मक लिखित परीक्षा**

२०७६।११।१३

पत्र : द्वितीय

समय : ४ घण्टा

पूर्णाङ्क : १०

विषय : **Financial Laws**

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

**खण्ड 'क'** ४० अङ्क

१. नेपाल राष्ट्र बैंक ऐन, २०५८ अनुसार मौद्रिक कार्य र खुला बजार सञ्चालन सम्बन्धी भएको व्यवस्थाबारे उल्लेख गर्नुहोस् । १०

२. निक्षेपकर्ताको हकहितको संरक्षण र सम्बर्द्धन गर्न एवं वित्तीय संस्थाहरूबीच स्वस्थ प्रतिस्पर्धाद्वारा गुणस्तरीय बैंकिङ्ग तथा वित्तीय सेवा उपलब्ध गराउन प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ कति प्रभावकारी रहेको छ ? लेखाजोखा गर्नुहोस् । १०

३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ अन्तर्गत कृषि विकास बैंकले ऋणीबाट असूल उपर गर्नुपर्ने रकम असूल उपर गर्न नसकेमा त्यस्तो रकम असूल उपर गराउन यो ऐन अनुसार के कस्तो प्रकृया अपनाई उपचार प्राप्त गर्न सकिन्छ ? उल्लेख गर्नुहोस् । १०

४. बैंकिङ्ग कसूर तथा सजाँय ऐन, २०६४ बमोजिम के कस्ता कामलाई अनाधिकृत रूपमा कर्जा लिएको वा दिएको कसूर मानिन्छ ? त्यस्तो कसूर भएमा के कस्तो सजाँय हुन्छ ? स्पष्ट पार्नुहोस् । १०

**खण्ड 'ख'** ३० अङ्क

५. प्राथमिक पूँजी कोषको परिचय दिई पूँजी कोष निर्धारण विधि उल्लेख गर्नुहोस् । ५

६. संस्थागत सुशासन (Corporate Governance) कायम राख्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशनको प्रभावकारीताका बारेमा संक्षिप्त प्रकाश पार्नुहोस् । ५

७. विदेशी विनिमय कारोबार गर्न ईजाजत प्राप्त बैंक तथा वित्तीय संस्था तथा अन्य निकायलाई जारी भएको परिपत्र बमोजिम विदेशी लगानी वापतको विदेशी मुद्रा नेपाल भित्र्याउने प्रयोजनका लागि लेखाङ्कन गराउँदा पूरा गर्नुपर्ने प्रक्रिया तथा आवश्यक कागजातहरूको बारेमा प्रष्ट्याउनुहोस् । ५

८. विदेशी विनिमय कारोबारका सन्दर्भमा नेपाल राष्ट्र बैंकले जारी गरेको परिपत्रहरूले समेटेका क्षेत्रहरू के के रहेका छन् ? उल्लेख गर्नुहोस् । ५

९. नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६८ मा कर्मचारीलाई के कस्तो अवस्थामा विशेष सजाँय दिन सकिने व्यवस्था रहेको छ ? उल्लेख गर्नुहोस् । ५

१०. नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६८ ले कर्मचारीको मनोबल उच्च बनाउन के कस्तो उत्प्रेरणाको व्यवस्था गरेको छ ? उल्लेख गर्नुहोस् । ५

## खण्ड 'ग'

३० अङ्क

११. विद्यमान लेखापरीक्षण ऐन बमोजिम लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन कसरी हुन्छ ? प्रष्ट पार्नुहोस् । ५

१२. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्) निवारण ऐन, २०६४ अनुसार कसूरको अनुसन्धानको सम्बन्धमा भएको व्यवस्थाका मुख्य मुख्य विशेषताहरू उल्लेख गर्नुहोस् । ५

१३. दामासाही सम्बन्धी ऐन, २०६३ बमोजिम कसैले कुनै कम्पनी उपर दामासाहीमा कारवाही चलाउनुपर्दा अपनाउनुपर्ने कानूनी प्रकृया स्पष्ट पार्नुहोस् । ५

१४. विदेशी विनिमय नियमित गर्ने ऐन बमोजिम "विदेशी विनिमय" भन्नाले के कस्ता उपकरण समेतलाई जनाउँछ ? परिभाषित गर्दै विदेशी विनिमय (नियमित गर्ने) ऐनको प्रमुख विशेषताको बारेमा उल्लेख गर्नुहोस् । ५

१५. सार्वजनिक खरिद ऐन, २०६३ अनुसार परामर्श सेवा खरिद गर्दा अवलम्बन गर्नुपर्ने मुख्य प्रकृयाका बारेमा चर्चा गर्नुहोस् । ५

१६. वित्तीय जानकारी इकाई भन्नाले के बुझिन्छ ? के कुन प्रयोजनका लागि कुन ऐन बमोजिम त्यस्तो इकाई गठन हुन्छ ? वर्णन गर्नुहोस् । ५

:: समाप्त ::

लोक सेवा आयोग

नेपाल राष्ट्र बैंक, प्रशासन, लेखा/लेखापरीक्षण, अधिकृत तृतीय, सहायक निर्देशक पदको

प्रतियोगितात्मक लिखित परीक्षा

२०७६।११।१४

पत्र : तृतीय

समय : ४ घण्टा

पूर्णाङ्क : १००

विषय : **Banking and Financial Management**

| प्रत्येक **खण्डको** उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

**खण्ड 'क'** ६० अङ्क

१. गाभ्ने र गाभिने (Merger and Acquisition) भनेको के हो ? नेपालको वित्तीय क्षेत्रमा यसलाई अनिर्वाय गर्नुपर्ने आवश्यकता छ, छैन ? कारणसहित उल्लेख गर्नुहोस् । ६

२. संस्थागत सुशासन (Corporate Governance) का सिद्धान्तहरूको बारेमा प्रकाश पार्नुहोस् । नेपालको बैंकिङ्ग क्षेत्रमा जनताको विश्वास बढाउन यी सिद्धान्तहरूको उपयोग गर्न के कस्तो रणनीति आवश्यक पर्दछ ? संक्षेपमा प्रस्तुत गर्नुहोस् । ६

३. लगानीकर्ताहरूले Due Diligence Audit गर्नुपर्ने कारणहरू उल्लेख गर्दै Due Diligence Audit र वित्तीय लेखापरीक्षणबीचको प्रमुख भिन्नताहरूमाथि प्रकाश पार्नुहोस् । ६

४. बैंक तथा वित्तीय संस्थामा Operational Risk सिर्जना गर्ने प्रमुख तत्वहरूको बारेमा संक्षिप्त वर्णन गर्नुहोस् । ६

५. आर्थिक वृद्धि (Economic Growth) लाई वित्त नीति (Fiscal Policy) ले कसरी प्रोत्साहन गर्दछ ? उदाहरणसहित वर्णन गर्नुहोस् । ६

६. Credit Risk भनेको के हो ? यसलाई प्रभाव पार्ने विभिन्न तत्वहरू (Factors) उल्लेख गर्नुहोस् । ६

७. Insider Trading भनेको के हो ? यस्तो कारोबारलाई निरूत्साहित गर्न नेपालको प्रचलित कानूनमा के कस्तो व्यवस्था छ ? स्पष्ट पार्नुहोस् । ६

८. नेपालमा वित्तीय क्षेत्र विकास रणनीतिले लिएको सोँच (Approach) बारे समालोचनात्मक टिप्पणी गर्नुहोस् । ६

९. नेपालमा औपचारिक वित्तीय सेवाहरूको पहुँचको अवस्था (Accesses to Formal Financial Services) र त्यसको विस्तारका चुनौतीहरूबारे चर्चा गर्नुहोस् । ६

१०. BASEL Framework को परिचय दिनुहोस् । नेपालको बैंकिङ्ग सुपरीवेक्षणमा यसको प्रयोगबारे संक्षिप्त विवेचना गर्नुहोस् । ६

## खण्ड 'ख' २० अङ्क

११. Leasing Finance का प्रमुख बेफाइदाहरू उल्लेख गर्नुहोस् । ४

१२. पूँजी संरचना व्यवस्थापन (Capital Structure Management) मा आदर्श ऋण र शेयर (Optimal Debt and Equity) हिस्सा कस्तो हुनुपर्छ ? कारणसहित उल्लेख गर्नुहोस् । ४

१३. Define Portfolio Management . How is the beta-coefficient calculated ? 4

१४. Internal Rate of Return (IRR) ले आयोजनाको सम्भाव्यताको मापन कसरी गरिन्छ? उदाहरणसहित स्पष्ट पार्नुहोस् । ४

१५. पूँजीको लागत (Cost of Capital) भनेको के हो ? यो कसरी निकालिन्छ ? यसलाई प्रभाव पार्ने तत्वहरू (Factors) वर्णन गर्नुहोस् । ४

## खण्ड 'ग' २० अङ्क

१६. बेला बेलामा नेपाल स्टक एक्सचेन्जको गतिविधिले लगानीकर्ताहरूमा उत्साह दिन सकिरहेको देखिँदैन । कुनै बेला १८०० भन्दा माथि पुगेको Nepse Index कहिले ११०० भन्दा पनि तल जाने हो कि भन्ने अवस्थामा पुग्छ । प्रायः वाणिज्य बैंकहरूले सहायक कम्पनीको रूपमा आफ्नो छुट्टाछुट्टै मर्चेण्ट बैंकिङ्ग संस्था खडा गरी सामूहिक लगानी कोष (Mutual Fund) योजनासमेत सार्वजनिक गर्दै आए तापनि बजारमा स्थायित्व आउन नसकिरहेको सन्दर्भमा शेयर बजारका लगानीकर्ता लगायत नियामक निकायहरूको यो विषयमा चासो बढ्नु स्वभाविकै हो । यस किसिमको बेला बेलामा हुने अस्वाभाविक उतारचढाव आउन नदिनेतर्फ समय समयमा केही पहल गर्ने गरिएको भए तापनि त्यसले दीगो समाधान दिन सकिरहेको देखिँदैन । उपर्युक्त सन्दर्भमा शेयर बजारको समस्याको पहिचान गर्दै सोका कारणहरूको विश्लेषण गर्नुहोस् । साथै, शेयर बजारमा यस्ता अस्वाभाविक उतारचढाव आउन नदिन कुन निकायबाट के कस्ता नीतिगत तथा प्रक्रियागत सुधारका उपायहरू अवलम्बन गर्नु उपयुक्त हुन्छ ? कार्यान्वयनयोग्य सुझाव दिनुहोस् । २०

:: समाप्त ::